आज मिति २०८१ पौष १९गते शुक्रबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को ९औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री हेमन्त बहादुर थापा | का.स. |

प्रस्तावहरु

१. गाउँसभाको तयारी सम्बन्धमा।
२. जग्गा खरिद सम्बन्धमा।
३. लाभग्राही छनौट सम्बन्धमा।
४. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा।
५. योजना छनौट तथा प्राथमिकिकरण सम्बन्धमा।
६. तालिम सञ्चालन सम्बन्धमा।
७. लिफ्ट खानेपानी आयोजना छनौट र DPR सम्बन्धमा।
८. अगुवा कृषकलाई तालिम सम्बन्धमा।
९. बजेट विनियोजन सम्बन्धमा।
१०. मलिक्चा लिफ्ट खानेपानी सम्बन्धमा।
११. आर्थिक सहयोग सम्बन्धमा।
१२. विविध सम्बन्धमा।

**निर्णय नं १**

दार्मा गाउँपालिका गाउँसभाको १६ औं अधिवेशनको तयारी सम्बन्धमा तपसिलको कार्यतालिका अनुसार कामकाज गर्ने गराउने।

तपसिल

| सि नं | कार्यक्रम | मिति | कैफियत |
|---|---|---|---|
| १ | सभाका समितिहरुको बैठक बसि प्रगति प्रतिवेदन र रकमान्तर पास गर्ने | २०८१ पौष २८ गतेसम्म | |
| २ | वडा समितिहरुबाट प्रतिवेदन र रकमान्तर पास गरि गाउँपालिकामा पठाउने | पौष २८ गतेसम्म | |

दार्मा गाउँपालिका गाउँपालिकाको कार्यालय सल्यान २०७३

...िम बहादुर के.सी.
...ालिका अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | कार्यपालिका बैठक | माघ ३ गते | |
| ४ | गाउँसभाको अधिवेशन सुरु | माघ ४ गते | |

**निर्णय नं २**

कागुनोहाल्ने स्वास्थ्य इकाइको भवन निर्माणको लागि दार्मा गाउँपालिका वडा नं ५ कागुनोहाल्नेमा दार्मा गाउँपालिकाको बजेटबाट गाउँपालिकाको नाममा जग्गा नामसारी गर्न जग्गाधनी डिल बहादुर खत्रीको नाममा रहेको साबिक जिल्ला सल्यान, ढाकाडम गा.वि.स., कि.नं. २८२५, ज.वि. १३५७.०५ को जग्गा न्यूनतम मूल्यमा खरिद गर्ने।

**निर्णय नं ३**

पूर्वाधार विकास कार्यालय सल्यानको च नं ३१२, मिति २०८१।०९।१८ गतेको पत्रअनुसार कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ र कर्णालि प्रदेश विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम तपसिलका लाभग्राही छनौट गरि पठाउने।

तपसिल

| सि नं | लाभग्राहीको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुकलाल बादी | दार्मा गाउँपालिका ४ मसिना | |
| २ | पुने कामी | दार्मा गाउँपालिका ३ फारुलाचौर | |
| ३ | काली सुनार | दार्मा गाउँपालिका २ खाराडाँडा | |
| ४ | गणेश वि.क. | दार्मा गाउँपालिका १ खाराडाँडा | |
| ५ | चतुर सुनार | दार्मा गाउँपालिका ५ पल्लाखेत | |
| ६ | डिला रोकाहा | दार्मा गाउँपालिका २ ओजाबाङ | |

**निर्णय नं ४**

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिकाको स्वास्थ्य सेवा प्रवाहमा सुशासन मापदण्डको परिच्छेद ८ बमोजिम तपसिलको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थाप समिति गठन गर्ने ।

| | |
|---|---|
| १. निम बहादुर के.सी | संरक्षक |
| २. पुष्पाञ्जली मगर | सदस्य |
| ३. पुष्पा के.सी. रोकाय | सदस्य |
| ४. टिका के.सी. रोकाय | सदस्य |
| ५. चन्द्र बहादुर रावत | सदस्य |
| ६. आकाश चन्द | सदस्य |
| ७. पदम के.सी. | सदस्य |
| ८. मानसिंह वि.क | सदस्य |
| ९. पुष्पा सुनार | सदस्य |
| १०. रेशम ओली | सदस्य |
| ११. यज्ञ बहादुर बस्नेत | सदस्य |

**निर्णय नं ५**

सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना अन्तरगत आ.व. २०८२/८३ मा कार्यान्वयन गरिने आयोजनाहरु छनौट तथा प्राथमिकिकरण गर्ने ।

**निर्णय नं ६**

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ३२ बमोजिम सिकर्मी र डकर्मी तालिम सञ्चालन गर्ने ।

**निर्णय नं ७**

तपसिलका लिफ्ट खानेपानी आयोजनाहरुको DPR गरि सम्बन्धित निकायमा आयोजना माग गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| १. | बगर खेत चवर लिफ्ट खानेपानी आयोजना | दार्मा ४ सल्यान |
| २. | काफलगैरा विष्टगाउँ लिफ्ट खानेपानी आयोजना | दार्मा १ सल्यान |
| ३. | भक्कानेमुल तिनपोखरे लिफ्ट खानेपानी आयोजना | दार्मा ५ सल्यान |
| ४. | अँधेरीखोला चम्फुटाकुरा लिफ्ट खानेपानी आयोजना | दार्मा ३ सल्यान |

**निर्णय नं ८**

अदुवाबाली अनुसन्धान केन्द्र कपुरकोट सल्यानको आयोजनामा दार्मा गाउँपालिकाका अगुवा कृषकहरुलाई अदुवाखेती सम्बन्धी तालिम सञ्चालन गर्नको लागि उक्त केन्द्र लाई अनुरोध गर्ने ।

**निर्णय नं ९**

मर्मत संभारकोषबाट खर्च हुनेगरी तपसिलको आयोजनामा बजेट विनियोजन गर्ने ।

तपसिल

| सिन | आयोजनाको नाम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बोहरागाउँ सडक मर्मत तथा ग्याविनजाली | दार्मा २ बोहरागाउँ | २५०००० | |
| २ | गलाँत सडक मर्मत तथा ग्याविनजाली | दार्मा ४ पुखात | ४००००० | |
| ३ | जनज्योती मा.वि हुँदै कार्यालय सम्म पाईपलाई विस्तार | दार्मा ३ सल्यान | २००००० | |
| ४ | सिलिङ्गी दार्मा खोलामा स्लाव पुल निर्माण | दार्मा २ सल्यान | ५००००० | |

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १०**

सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना अन्तरगत पानी सुरक्षा योजना बाट मलिक्वा लिफ्ट खानेपानी आयोजनामा काम गर्ने

**निर्णय नं ११**

अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को तपसिलको दफा बमोजिम देहायबमोजिमको आर्थिक सहायता प्रदान गर्ने ।

तपसिल

| सि नं | नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दिपा सार्की | दार्मा ४ सल्यान | तुलसीपुर देखी दार्मा शव ल्याउन गाडिको व्यवस्था गर्ने . | |
| २ | निर्मला वि.क | दार्मा ५ सल्यान | तुलसीपुर देखी दार्मा शव ल्याउन गाडिको व्यवस्था गर्ने . | |
| ३ | खिम बहादुर थापा | दार्मा ४ सल्यान | चामल-५० के.जि, दाल-५ के.जि, तेल- ५ लि, नुन -२ पोका | |
| ४ | रामकली खत्री | दार्मा ५ सल्यान | ५ हजार नगद | |
| ५ | आशा बोहरा | दार्मा ४ सल्यान | २० हजार | |
| ६ | दिपक रावत | दार्मा ३ सल्यान | २० हजार | |

**निर्णय नं १२**

मौलाहाल्ने फारुला नुवाकोट सडक क्षेत्रभित्रका संरचना हटाउने सम्बन्धी मिति २०८१/०६/११ गतेको सूचना प्रकाशित भएकोमा उक्त सडक खण्डको सुरु विन्दुमा पर्ने रण बहादुर चन्दको ऐलानीमा बनेको कच्चीघर हटाउनुपर्ने तर अझैसम्म नहटाएकोले उक्त घरधनीलाई आफै घर भत्काउन एकपटक ७ दिनको सूचना सो मितिभित्र पनि नहटाएमा गाउँपालिकाले आफै हटाउने र सुरक्षा व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत